# पार्टीको पुनर्निर्माण, लोकतन्त्रको रक्षा र राष्ट्रिय स्वाधीनताको नयाँ सङ्कल्प

## केन्द्रीय कमिटीको बैठकमा अध्यक्षको सम्बोधन

(५ असोज, २०८३)

## सन्दर्भ

हाम्रो पार्टी नेकपा (एमाले) आज केन्द्रीय कमिटीको तेस्रो बैठकमा उपस्थित छ । वि.सं. २०८२ पुस २६ गते सम्पन्न केन्द्रीय कमिटीको दोस्रो बैठक सम्पन्न भएको करिव ८ महिनापछि हामी यस बैठकमा जुटेका छौं । फागुन २१ को निर्वाचनमा अकल्पनीय परिणाम प्राप्त भएपछि देशव्यापी र प्रवासमा समेत परिणाम परिस्थिति र त्यसको विकास विषयमा समीक्षा र लेखाजोखा जारी छ । चुनावलगत्तै पिताजीको निधनका कारण शोक र अन्तिम संस्कारमा रहनुपरेको, त्यसलगत्तै सरकारले प्रतिशोधपूर्ण गिरफ्तारी गरेको, हिरासतमै रहेको समयमा उपचार र शल्यक्रिया गर्नुपरेको तथा गैरकानूनी हिरासतबाट रिहाई र अस्पतालबाट

डिस्चार्जपछि पनि अपरेशन गरेको घाउमा इन्फेक्शनको कारणले मैले पूर्ण स्वास्थ्यलाभका लागि आराम गर्नुपरेको तथ्य यहाँहरुलाई अवगत नै छ । जेठको पहिलो साता भएको केन्द्रीय सचिवालयको बैठकबाट निर्वाचन समीक्षा र पार्टी पुनर्गठन कार्यदल गठन गरिएपछि देशभरी र प्रवासका समेत पार्टी नेतृत्वका अगुवाहरुसँग छलफल, रायसुझाव संकलन र प्रतिवेदन मस्यौदाको कामले जेठदेखि नै गर्ने भनिएको केन्द्रीय कमिटीको बैठक यसरी केही ढिलो हुन पुगेको छ । विधानतः ६ महिनाको अन्तरमा गर्नुपर्ने केन्द्रीय कमिटीको बैठक ढिलो गर्नु हुँदैनथ्यो ।

**भदौ १० गते** भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र चितवन लगायतका जिल्लाहरुमा भएको व्यापक क्षति, हजारौं नागरिकको मृत्यु, हजारौं बेपत्ता र थुप्रै संख्यामा घाइते भएको भयावह स्थिति राष्ट्रिय संकटका रुपमा व्यहोर्नु प¥यो । त्यस विपद्मा परी ज्यान गुमाउने सम्पूर्ण नागरिकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । हाम्रो पार्टी तुरुन्तै विशेष रुपमा उद्धार, राहत र पीडितजनको सहयोगमा

जुटेको सर्वविदितै छ। म घाइतेहरुको शीघ्र स्वास्थ्यलाभ, बेपत्ताहरुको खोजी र पीडितहरुका लागि राहत, क्षतिपूर्ति र पुर्नस्थापनाको ठोस कार्यक्रमका निम्ति सबै सरोकारवाला पक्षहरुको जोड्दार ध्यानाकर्षण गर्न चाहन्छु । यस घडीमा म सम्पूर्ण ज्ञात–अज्ञात शहीस्दहरुप्रति सिंगो पार्टीको तर्फबाट भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु । नेपाली समाजको जागरण र अग्रगमनमा महत्त्वपूर्ण योगदान गर्नु हुने सम्पूर्ण अग्रजहरुप्रति हार्दिक सम्मान अर्पण गर्दछु ।

**प्रिय कमरेडहरू,**

हामी आज नियमित अवस्थामा आयोजित सामान्य बैठकमा उपस्थित भएका छैनौँ । यो बैठक केवल निर्वाचन परिणामको समीक्षा गर्ने बैठक मात्र होइन । यो हाम्रो आफ्नै मन, इतिहास, वर्तमान अवस्था र भविष्यसँगको गम्भीर संवाद हो । यो नेकपा (एमाले) ले आफैँलाई प्रश्न गर्ने, आफ्ना कमजोरी पहिचान गर्ने, भ्रमबाट सत्य छुट्याउने र भविष्यको बाटो तय गर्ने बैठक हो।

इतिहासले राजनीतिक पार्टीको वास्तविक चरित्र विजयका बेलाभन्दा सङ्कटका बेला बढी परीक्षण गर्छ । विजयको समयमा सिद्धान्तको कुरा गर्न सजिलो हुन्छ, संगठन बलियो देखिनु स्वाभाविक हुन्छ । तर पराजयको समयमा आरोपको घेरामा पर्दा, कार्यकर्ताको मनोबल कमजोर हुँदा र जनताको विश्वास डगमगाउँदा पार्टीको वास्तविक सामर्थ्य देखिन्छ ।

**आज हामी त्यही कठिन मोडमा छौँ ।**

निर्वाचनको परिणामले हामीलाई चोट पु¥याएको छ । त्यो चोट सिट सङ्ख्यामा मात्र छैन । गाउँ–गाउँका कार्यकर्ताको मनमा छ । जनतासँग हाम्रो सम्बन्धबारे उठेका प्रश्नमा छ । युवाले हामीलाई सुन्नुअघि नै धारणा बनाइसकेको अवस्थामा छ । हाम्रो गौरवपूर्ण इतिहास, योगदान र उपलब्धिहरू ओझेलमा परेको पीडामा छ ।

**तर चोटले दुईवटा बाटो देखाउँछ**—

एउटा, दुःख मानेर चुप लाग्ने  वा भाग्ने;

अर्को, दुःखलाई सङ्कल्प, शक्ति र सक्रियतामा बदल्ने ।

**हामी दोस्रो बाटो रोज्छौँ ।**

पार्टी अध्यक्षको हैसियतले निर्वाचन परिणामप्रतिको मेरो नैतिक जिम्मेवारी म स्वीकार गर्छु । सत्य हो– हामीले बैरीको चौतर्फी हमलाको आवश्यक प्रतिकार गर्न र त्यसलाई पराजित गर्न सकेनौं । प्रश्न छन् – जनताको मनसम्म हाम्रो कुरा किन पुग्न सकेन ? हामीले गरेका काम जनताको स्मृतिमा किन टिकाउन सकेनौँ ? शासनमा रहँदा जनताको दैनिक जीवनमा सकारात्मक परिवर्तन भएको अनुभूति पर्याप्त रूपमा किन दिन सकेनौँ? युवाको बेचैनीलाई हामीले सुनेका छौँ भन्ने विश्वास किन दिलाउन सकेनौँ? संगठनका कतिपय तह किन सुस्त भए? डिजिटल युगमा हाम्रो आवाज किन कमजोर भयो?

**यी प्रश्नहरुबाट हामी भाग्न मिल्दैन।**

तर जिम्मेवारी स्वीकार गर्नु र मैदान छोड्नु एउटै कुरा होइन । बिरामी देखेर चिकित्सकले अस्पताल छोड्दैन । बालीमा

रोग देखेर किसानले खेत छोड्दैन । त्यसरी नै सङ्कटका बेला नेतृत्वले संगठनलाई अनिश्चिततामा छोड्नु हुँदैन । नेतृत्वको धर्म कमजोरी खोज्नु र सच्याउनु, सत्यको सामना गर्नु, कार्यकर्ताको मनोबल उठाउनु, जनताको घरमा फर्कनु र भविष्यको बाटो निर्माण गर्नु हो ।

यो समय दोष एकअर्कामाथि सार्ने होइन । सत्यको सामना गर्ने समय हो । जनतामा फर्कने समय हो । तिनका कुरा सुन्ने समय हो । संगठन जगाउने समय हो । इतिहासको गौरवलाई भविष्यको कार्ययोजना र उपलब्धिसँग जोडेर अघि बढ्ने समय हो।

## १. वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति र पार्टी दृष्टिकोण

**कमरेडहरू,**

सुरुमा म भूराजनीतिक परिस्थिति र हामीले लिनु पर्ने नीतिका सम्बन्धमा संक्षिप्त चर्चा गर्न चाहन्छु। भूमण्डलीकृत

विश्वमा भूराजनीतिले हरेक देशको आन्तरिक राजनीतिलाई गंभीर रुपले प्रभावित गर्छ।

त्यसका मुख्य प्रवृत्तिहरु यसरी उल्लेख गर्न सकिन्छ–

१. विश्व राजनीति तीव्र परिवर्तनको चरणबाट गुज्रिरहेको र पूर्वानुमान गर्न नसकिने गरी तरल अवस्थामा छ । बहुपक्षीय संरचना, विश्व व्यवस्था र नियममा आधारित प्रणालीको ठाउँ शक्ति सन्तुलनले तय गर्ने रणनीतिक लेनदेनको संरचना र न्याय नभइ लाभले लिंदै गएको छ । उग्र राष्ट्रवाद, संरक्षणवाद र एकपक्षीयताको उदयले संयुक्त राष्ट्र सङ्घको भूमिका कमजोर बनेको छ । अन्तरर्राष्ट्रिय सहयोग र पारस्परिक सम्मानका सिद्धान्तहरु क्षय हुँदै गएका छन् । शक्ति राष्ट्र प्रतिस्पर्धा गंभीर रुपमा प्रकट भइरहेको छ ।

२. राष्ट्रहरुको सार्वभौमिकतामा आक्रमण, धम्की र हस्तक्षेप दोहोरिन थालेका छन् । शक्तिले नै सत्य स्थापित गर्छ भन्ने

मध्ययुगीन सिद्धान्त पुनरुत्थान हुन खोजिरहेको छ । विदेशी राष्ट्र प्रमुखको हत्या, अपहरण र सिङ्गै सभ्यताको विनाश गर्ने धम्कीले विश्वव्यापी स्वीकृत मान्यता, कूटनीतिक मूल्य र मानव सभ्यताकै खिल्ली उडाइरहेको छ ।

३. आतङ्ककारी आक्रमणको प्रतिकारको नाममा गएको ३ वर्षमा गाजामा २० हजार बालबालिका सहित ७० हजार प्यालेस्टिनी नागरिकहरुको संहार भएको छ । प्यालेस्टिनी जनताको स्वतन्त्र राष्ट्रको माग पूरा हुनु पर्छ र 'दुई राज्य समाधान' को संयुक्त राष्ट्र सङ्घीय प्रस्तावका आधारमा यस द्वन्द्वको समाधान हुनु पर्छ भन्ने हाम्रो मान्यता छ ।

इरानमाथि अमेरिका र इजरायलको संयुक्त आक्रमणले पश्चिम एसियाको शान्ति, क्षेत्रीय स्थायित्व र विश्वव्यापी आपूर्ति प्रणालीमा चुनौती खडा भएको छ । खाडी क्षेत्रमा

कार्यरत झण्डै २० लाख नेपालीहरुको सुरक्षामा समेत जोखिम बढेको छ ।

कठोर नाकाबन्दीका कारण क्युबामा मानवीय सङ्कट उत्पन्न भएको छ । हामी क्युबाली जनताको सार्वभौमसत्ता, आत्मनिर्णयको अधिकार र क्षेत्रीय शान्तिको पक्षमा छौँ ।

चार वर्ष बित्न लाग्दा पनि युक्रेनमा युद्ध जारी छ । युद्धले भयावह मात्रामा मृत्यु, विस्थापन र मानवीय पीडा उत्पन्न गरेको छ। भूराजनीतिक संवेदनशीलतालाई वेवास्ता गरेर शक्ति राष्ट्रहरुको रणनीतिक स्वार्थ र छद्म युद्ध (प्रोक्सी वार) को शिकार बन्दा सार्वभौम राष्ट्रले ठुलो क्षति व्यहोर्नु पर्ने यथार्थ पनि यस द्वन्द्वले देखाएको छ । हामी तत्काल युद्ध अन्त्य गर्न माग गर्दछौँ ।

अन्तर्राष्ट्रिय दबाबका बाबजुद म्यान्मारमा नागरिक शासन पुनस्र्थापित हुन सकेको छैन। हामी निर्वाचित

जनप्रतिनिधिहरुको ससम्मान रिहाइ, लोकतन्त्रको बहाली र मानव अधिकारको सम्मानको माग गर्दछौँ।

४. विश्वको शक्ति सन्तुलनमा ठुलो परिवर्तन देखा परेको छ। दुई शताब्दीदेखि कायम रहेको पश्चिमी प्रभुत्व द्रूत रुपमा घट्दै गइरहेको छ । अजेय ठानिएको सैन्य शक्ति, प्रविधि र अन्वेषणमा अग्रता र आर्थिक आधिपत्यमाथि प्रश्नचिह्न खडा भएका छन्। कतिपय विषयमा अन्य मुलुकले अग्रता लिन थालेका छन्। चीन, भारत र ब्राजिल जस्ता उदीयमान अर्थतन्त्रहरुले पश्चिमी आर्थिक प्रभुत्वको विकल्प खडा गर्दै लगेका छन्। विश्व अर्थतन्त्रमा द्यच्क्ष्क्ऋक् लगायत उदीयमान आर्थिक शक्तिहरुको प्रभाव बढ्दै गएको छ। यद्यपि, परम्परागत पश्चिमी शक्तिहरुले नयाँ वास्तविकता स्वीकार नगर्दा, तदनुरुपको विश्व संरचना निर्माण गर्न तयार नहुँदा र अनावश्यक विभाजनतिर लैजान खोज्दा विश्वमा तनाव बढेको छ। यस्ता अनुचित कुराहरुलाई रोक्न र विश्वलाई न्यायोचित व्यवस्थातर्फ फर्काउन विश्व

शान्ति र न्यायका पक्षधर एकजुट हुनु र सम्युक्त प्रयास अघि बढाउनु बाहेक अर्को विकल्प छैन । मानव, मानवीय आकांक्षा र आवाज जति बलशाली अरु केही पनि हुँदैन, प्रकृति बाहेक। तर, दोस्रो विश्वयुद्धपछि एकातिर संयुक्त राष्ट्र संघको निर्माण, संयुक्त राष्ट्र संघको वडापत्र घोषणा, विश्व मानवअधिकारको घोषणा पत्रजस्ता विश्व व्यवस्था स्थापनाका लागि सकारात्मक पहलहरु भए भने अर्कोतिर विश्व नयाँ शक्ति ध्रुवीकरणतिर बढ्यो। NATO र Warsa Pact जस्ता सैन्य गठबन्धनहरु उदय भए । युद्धको खतरा बोकेर विश्व Cold War तिर लाग्यो । विश्वमा युद्धका सम्भावनाहरुलाई कमजोर पार्न र शान्तिलाई कायम राख्ने प्रयासहरु पनि अघि बढाइए । Non Allign Movement को स्थापनाजस्ता प्रभावकारी कदमहरु चालिए । क्षेत्रीय संगठनहरु निर्माण गरिए । तर, विस्तारै यस्ता सबै संस्थाहरुलाई कमजोर पार्ने वा सिध्याउने काम हुँदै गए र

हुँदै गएका छन् । आज, UN लाई केन्द्रमा राखेर यस्ता सबै संस्थाहरुलाई ब्यूँझाउनु र सवलीकरण गर्नु जरुरी छ।

५. विज्ञान र प्रविधिमा अभूतपूर्व प्रगति, मूलतः यान्त्रिक मेधा (एआई), जेनेटिक इञ्जिनियरिङ र रोबोटिक्सको द्रूत विकासले विश्व अर्थतन्त्र, मानव चेतना र समग्रमा मानव समाजलाई नै बदल्दै लगेको छ । तर यसको जोखिम पनि उत्तिकै चिन्ताजनक छ । कतै यान्त्रिक मेधाले मानव सिर्जनशीलता, सभ्यता र सामूहिक विवेकलाई नै समाप्त पार्ने त होइन भन्ने चिन्ता समेत प्रकट भएका छन् । यसको नियमनको प्रश्न खडा भएको छ । यान्त्रिक मेधाले सिर्जना गरेको लाभ मानव जातिका निम्ति सामूहिक हुनुपर्छ । हानिकारक होइन, सकारात्मक र सामाजिक हितका निम्ति हुनुपर्दछ ।

६. जलवायु परिवर्तनले जलवायु सङ्कटको रुप लिँदैछ । गएको २ सय वर्षदेखि हुँदै आएको अन्धाधुन्ध

औद्योगीकरण, प्राकृतिक स्रोतको अनियन्त्रित दोहन र वातावरण विनासको शिकार आज क्षत्ति पुऱ्याउन कुनै भूमिका नभएका र निर्दोष नेपाल जस्ता विकासशील राष्ट्र हुनु परेको छ। यही अगस्त २६ (भदौ १०) मा भोटेकोशीमा आएको विनाशकारी बाढी र यसले निम्त्याएको अकल्पनीय क्षति यसको जीवन्त दृष्टान्त हो । जलवायु सङ्कटको सामना र जलवायु न्यायको एजेण्डा हाम्रो नयाँ एजेण्डा बन्न पुगेको छ।

७. विश्व अर्थतन्त्र, नवप्रवर्तन र जनसङ्ख्याको केन्द्रबिन्दुका रुपमा एसियाको उदयले महत्वपूर्ण अवसर र विशिष्ट चुनौती प्रस्तुत गरेको छ । चीनको शान्तिपूर्ण उदय यस ऐतिहासिक चरणको महत्वपूर्ण पक्ष हो । भारतले पनि स्वतन्त्रता पश्चात् महत्वपूर्ण प्रगति हासिल गरेको छ र विश्व शक्तिको आकाङ्क्षा राखेको छ। यद्यपि, छिमेकीहरुसँग भारतका विभिन्न मुद्दाहरु समाधान भएका

छैनन्। अमेरिका र भारत बिच बढ्दो सुरक्षा सहकार्यले सन्देह पैदा गरेको छ।

जानसाङ्ख्यिक लाभ, प्राकृतिक स्रोत र विविधताको हिसाबले दक्षिण एसिया संभावनायुक्त क्षेत्र हो। तर विश्व गरिबीको २० प्रतिशत हिस्सा यहीँ रहनु, विश्व अर्थतन्त्रमा योगदान ५ प्रतिशतभन्दा कम हुनु र व्यापारिक एवं पूर्वाधारका द्दष्टिले सबैभन्दा कम जोडिएको क्षेत्रका रुपमा रहनु ठुलो चिन्ताको विषय बनेको छ। हामी दक्षिण एसियामा क्षेत्रीय सहकार्य प्रभावकारी बन्नुपर्छ र यसका लागि भारतले फराकिलो सोच, रचनात्मक द्दष्टि र सहकार्यको भावना प्रदर्शित गर्नुपर्छ भन्ने ठान्दछौँ।

८. विश्वव्यापी सम्पदामा ठुलो विस्तार भए पनि, यसको लाभ समान रुपमा वितरण भएको छैन। व्यापार, लगानी र प्रविधि हस्तान्तरणमा पहुँच असमान छ। लगभग एक अर्ब मानिसहरु अझै पनि चरम गरिबीमा छन्। न्यायको

हिसाबले असफल हुँदै गइरहेको यस विश्वव्यापी आर्थिक व्यवस्थाको एकमात्र व्यावहारिक र न्यायपूर्ण विकल्प समाजवाद नै हो भन्ने मान्यतामा हामी अविचलित छौँ।

९. रक्षात्मक अवस्थामा भए पनि समाजवाद अगाडि बढिरहेको छ। चीन, भियतनाम, क्युबा जस्ता राष्ट्रहरुले आफ्ना विशेषता अनुकूल समाजवादको निर्माण गरिरहेका छन्। कम्युनिस्ट तथा श्रमिक पार्टीहरुले समाजवादी रुपान्तरणका लागि आधार तयार पारिरहेका छन्। ट्रेड युनियन लगायत विभिन्न सामाजिक आन्दोलनहरु सामाजिक न्याय, लैङ्गिक समानता, शान्ति र वातावरणीय संरक्षणका क्षेत्रमासंघर्षरत छन्।

१०. श्रमिक वर्गको मुक्तिका लागि माक्र्सवाद वैचारिक मार्गदर्शक हो। यो समस्याको तम्तयार सूत्र होइन, समाजको विश्लेषण, व्याख्या र रुपान्तरण गर्ने पद्धति हो। प्रत्येक देशले क्रान्ति र समाजवादी निर्माणतर्फ आफ्नै

विशिष्ट बाटो तय गर्नुपर्छ। 'कम्युनिस्ट घोषणापत्र' प्रकाशित भए यता श्रमको प्रकृति, उत्पादन सम्बन्ध, शोषणका स्वरुप, आधुनिक पुँजीवादको चरित्र, अन्तर–राज्य सम्बन्ध, विज्ञान तथा प्रविधि र विश्वव्यापी राजनीतिक बहावमा ठुलो परिवर्तन भएको छ। समाजवादको आवश्यकता पहिलेभन्दा अझ बढेको छ। नेपालको सन्दर्भमा हामीले जनताको बहुदलीय जनवाद (जबज) का रुपमा माक्र्सवादको सिर्जनात्मक प्रयोग र त्यसको विकास गरेका छौँ।

जबजले परराष्ट्र नीतिका सन्दर्भमा सार्वभौमिक समानता, भौगोलिक अखण्डता, अहस्तक्षेप र पारस्परिक लाभमा आधारित रही छिमेकी तथा अन्तर्राष्ट्रिय साझेदारहरुसँग सुमधुर सम्बन्ध कायम राख्न मार्गदर्शन  गर्दछ। भूगोल, जनसङ्ख्या वा आर्थिक सामथ्र्यमा भिन्नता हुन सक्छ, तर सबै राष्ट्रहरुको सार्वभौमिकता र राष्ट्रिय मर्यादा समान छन्। धम्की, बलप्रयोग र बाह्य हस्तक्षेप अस्वीकार्य छन्।

हामी भूराजनीतिक संवेदनशीलताप्रति पूर्ण सचेत छौं र श्रमजीवी बहुसंख्यक जनताको पक्षमासमेत न्याय प्राप्त हुने विश्व व्यवस्थालाई पुनर्निर्माण गर्न प्रतिबद्ध छौँ।

११. गत वर्ष नेपालले गम्भीर राजनीतिक अस्थिरताको सामना गऱ्यो। 'जेनजी' आन्दोलनका रुपमा सुरु भएको घटनाक्रमले अभूतपूर्व हिंसा र विनाशको रुप लियो । राज्यका पूर्वाधार, ऐतिहासिक स्थल र लोकतान्त्रिक संस्थाहरुलाई निसानामा पारियो, निर्वाचित सरकार ढालियो र संसद् विघटन भई गएको फागुन महिनामा आम निर्वाचन भयो ।

नेपालको संविधानले शान्तिपूर्ण विरोध र संवैधानिक प्रक्रियामार्फत सरकार परिवर्तनको मौलिक अधिकार सुनिश्चित गरेको छ । तर जनभावना भड्काउने र त्यसको दुरुपयोग गर्ने, लोकतान्त्रिक संस्थाहरुलाई निशाना बनाउने र सार्वजनिक सम्पत्ति तोडफोड र व्यक्तिका

निजी सम्पतिमा समेत देशव्यापी रुपमा आगजनी गर्ने एवम् लुटपाट गर्ने कार्यलाई क्रान्ति या परिवर्तन मात्र सकिँदैन। यी घटनाहरुमा सत्ता परिवर्तनको उद्देश्यले बाह्य रुपमा प्रायोजित रणनीतिको स्पष्ट छाप देखिन्छ। हालै विभिन्न विदेशी सञ्चार माध्यममा आएका नयाँ तथ्यहरुले नेपालको आन्तरिक राजनीतिमा भूराजनीतिक स्वार्थहरु कसरी प्रकट भएका थिए भन्ने तथ्यलाई पुष्टि गर्दै लगेका छन्।

त्यस घटना यता नेपालमा वाह्य चासो र चलखेल बढ्दै गएको छ। नेपालको भूमिबाट छिमेकीहरुका संवेदनशीलतामाथि आँच पुऱ्याउने काम सरकारकै संरक्षणमा भइरहेका छन्। नेपालका मूल्यवान खनिज सम्पदाका बारेमा पछिल्लो समय आइरहेका संवेदनशील सूचना र समाचारले आम नेपालीलाई सशङ्कित बनाएको छ। प्राकृतिक स्रोतमाथि नेपाली जनताको अक्षुण्ण सार्वभौम अधिकार छ र त्यसको कुनै पनि बहानामा

उल्लङ्घन गर्न पाइँदैन। हामी राष्ट्रिय हितसँग जोडिएका यी संवेदनशील मुद्दाका बारेमा सचेततापूर्वक सूक्ष्म निगरानी गरिरहेका छौँ र आम देशभक्त नेपालीहरु एवं जिम्मेवार राजनीतिक दलहरुलाई पनि यस्ता विषयमा संवेदनशील हुन आह्वान गर्दछौँ।

१२. महामारी र जलवायु परिवर्तनदेखि लिएर बढ्दो आर्थिक, लैङ्गिक र क्षेत्रीय असमानतासम्मका सङ्कटहरु मुट्ठीभर विशेषाधिकार प्राप्त वर्गलाई लाभ पु¥याउने गरी निर्माण गरिएको पुँजीवादी प्रणालीका प्रत्यक्ष परिणाम हुन्। कम्युनिस्ट तथा श्रमिक पार्टीहरुले यस्तो जनविरोधी प्रणालीमा परिवर्तनको नेतृत्व गर्ने बेला आएको छ। हाम्रा ऐतिहासिक उपलब्धि र असफलता दुवैबाट पाठ सिक्दै, हामी आ–आफ्ना देशमा कम्युनिस्ट आन्दोलनलाई सुदृढ बनाउन लाग्नु पर्दछ। यस्तो विश्व परिस्थितिमा हामी, हाम्रो पार्टीको यो एघारौं केन्द्रीय कमिटीको तेस्रो बैठक आयोजना गरिरहेका छौं।

## २. देशको वर्तमान अवस्था र संवैधानिक सङ्कट

**कमरेडहरू,**

हामीले देशमा फैलाइएको निराशा चिर्न, जनतामा भरोसा जगाउन, अर्थतन्त्रलाई लयमा फर्काउन र राजनीतिक स्थिरताको सन्देश दिन संयुक्त सरकार निर्माण गरेका थियौँ। त्यसबाट अर्थतन्त्रमा केही सुधारका सङ्केत देखिन थालेका थिए र जनतामा आशा जाग्दै थियो।

राजनीतिक स्थिरता नरुचाउने शक्ति त्यतिबेला पनि सक्रिय थिए । सरकार र नेतृत्वविरुद्ध अफवाह, गलत सूचना, घृणा र अविश्वास फैलाउने क्रम बढ्दै गयो। अन्ततः भदौ २३ र २४ का घटनाले असाधारण राजनीतिक मोड लियो।

आज बाहिरबाट हेर्दा देशमा सरकार छ, प्रशासन चलिरहेको छ, अदालत खुलेका छन् र राज्यका संरचना कायम छन्। तर राज्य भनेको संरचनाको उपस्थितिमात्र होइन; ती संरचनामाथिको जनविश्वास पनि हो । राजनीतिक स्थिरता देखिनु

र संवैधानिक वैधता तथा संस्थागत विश्वास कायम हुनु एउटै कुरा होइन ।

**हाम्रो मुख्य चिन्ता यही हो ।**

लोकतन्त्रमा व्यक्ति होइन, विधि ठूलो हुन्छ। संविधानले सरकार निर्माणको बाटो संसद्सँग जोडेको छ। जनताले मत दिन्छन्, मतबाट प्रतिनिधि चुनिन्छन्, प्रतिनिधिबाट संसद् बन्छ र संसद्को विश्वासबाट सरकार बन्छ । यही संसदीय लोकतन्त्रको मूल मर्म हो ।

सङ्कटका नाममा संविधानको नियमित बाटो छोड्ने अभ्यास स्थापित भयो भने त्यसले भविष्यमा खतरनाक नजिर बनाउँछ। आज एउटा अपवाद स्वीकार गरेपछि भोलि अर्को अपवाद रोक्ने नैतिक आधार कमजोर हुन्छ । जनआक्रोशलाई संविधानभन्दा माथि राख्न थालियो भने जनादेशको संस्थागत मूल्य कमजोर हुन्छ ।

संविधान सहज समयमा प्रयोग गर्ने कागज होइन । कठिन समयमा पनि देशलाई विधिभित्र राख्ने साझा राष्ट्रिय प्रतिबद्धता हो।

त्यसैले हाम्रो प्रश्न कुनै व्यक्तिको योग्यतामाथि मात्र होइन; प्रक्रियाको वैधतामाथि हो । प्रश्न सरकार कसको हो भन्नेभन्दा सरकार कुन विधिबाट बन्यो भन्ने हो । प्रश्न निर्वाचन भयो कि भएन भन्ने मात्र होइन; निर्वाचनसम्म पुग्ने संवैधानिक यात्रा कस्तो थियो भन्ने हो ।

नेपालको संविधान कुनै एक व्यक्ति वा संस्थाको सिर्जना होइन। यो जनआन्दोलन, राजनीतिक सङ्घर्ष, संविधानसभा, सहमति–असहमति, सम्झौता, बलिदान र ऐतिहासिक जिम्मेवारीको परिणाम हो। गणतन्त्र, लोकतन्त्र, सङ्घीयता, समावेशिता, धर्मनिरपेक्षता, मौलिक अधिकार र संसदीय शासन प्रणाली लामो राजनीतिक सङ्घर्षबाट आएका उपलब्धि हुन् । जारी गर्नमा दृढता र पहल कदमी हाम्रो हो ।

संविधानको अन्तिम मालिक जनता हुन्, तर जनताको सार्वभौम इच्छालाई नीति, कानुन र संस्थामा रूपान्तरण गर्ने राजनीतिक माध्यम दलहरू हुन् । राजनीतिक दलहरुलाई अस्वीकार गरेर लोकतन्त्र बलियो हुन सक्दैन ।

अर्कोतर्फ नेपाल सामान्य भू–राजनीतिक अवस्थाको देश होइन । हामी दुई ठूला छिमेकीबीच छौँ। विश्वशक्तिहरूको रणनीतिक चासो पनि बढिरहेको छ। कमजोर संस्था, विभाजित राजनीतिक दल, उत्तेजित समाज र भावनामा आधारित निर्णयले बाह्य चासोलाई आन्तरिक राजनीतिमा प्रवेश गर्ने ठाउँ दिन्छ।

त्यसैले संविधानको रक्षा, राजनीतिक स्थिरता र राष्ट्रिय स्वाधीनताको जर्गेना आपसमा जोडिएका प्रश्न हुन् ।

## ३. भदौ २३ र २४: “जनअसन्तोष” र हिंसात्मक राजनीतिक मोड

भदौ २३ र २४ का घटनाको समीक्षा गर्दा सबैभन्दा पहिले मानवीय पीडाबाट सुरु गर्नुपर्छ।

त्यस दिन सडकमा आएका सबै युवा हिंसात्मक थिए भन्नु अन्याय हुन्छ । धेरै युवासँग बेरोजगारीको पीडा थियो । पढेर पनि भविष्य नदेखेको निराशा थियो । परिवारको ऋण थियो । अवसरको अभाव थियो। राज्य र राजनीतिक दलले आफ्नो आवाज नसुनेको अनुभूति थियो।

युवाको बेचैनी राज्यका लागि प्रश्न हो र राजनीतिक दलका लागि ऐना हो। त्यसले हाम्रो शासनशैली, संवादशैली र जनसम्पर्कको पनि समीक्षा माग्छ । यो सत्यलाई हामीले स्वीकार गर्नुपर्छ । तर, देशमा राजनीतिक शक्ति हामी मात्रै छौं र अरु सबै स्वतन्त्र जनता मात्र छन्। यहाँ कुनै संगठन, स्वार्थ समूह, अपराधिक गिरोह र भूराजनीतिक चलखेल केही छैन भन्ने झै गरी सोच्नु ठूलो गल्ती हुनेछ।

तर जनताको वास्तविक पीडा एउटा कुरा हो र त्यसलाई त्यस्ता तत्वहरुबाट हिंसात्मक तथा असंवैधानिक दिशामा लैजानु अर्को कुरा हो। विरोध एउटा कुरा हो, हिंसा अर्को कुरा हो।

असन्तोष एउटा कुरा हो, संसद् जलाउनु अर्को कुरा हो। सरकारको आलोचना लोकतान्त्रिक अधिकार हो; संवैधानिक सत्ता संरचना हिंसा र आगजनीबाट भत्काउनु लोकतान्त्रिक अधिकार होइन ।

सामाजिक सञ्जाल नियमनसम्बन्धी तत्कालीन सरकारको निर्णयलाई जनतासामु पर्याप्त स्पष्ट पार्न नसक्नुमा हाम्रो कमजोरी रह्यो। नागरिक स्वतन्त्रतासँग जोडिएको संवेदनशील विषयमा सरकारको भाषा स्पष्ट, विश्वसनीय र संवादमुखी हुनुपर्थ्यो। तर अल्गोरिदमलाई हामीले जित्न सकेनौं । यसैगरी सामाजिक सञ्जाल नियमनको आवश्यकतालाई पनि बुझ्नुपर्छ । नक्कली परिचयबाट चरित्रहत्या, अफवाह, आर्थिक ठगी, साइबर अपराध, जातीय वा क्षेत्रीय घृणा, महिला तथा बालबालिकामाथिको डिजिटल हिंसा र सामाजिक सद्भाव बिथोल्ने गतिविधिलाई राज्यले बेवास्ता गर्न सक्दैन।

अभिव्यक्ति स्वतन्त्रता र डिजिटल अराजकता एउटै कुरा होइनन्।

नागरिकलाई सरकारको कठोर आलोचना गर्ने अधिकार छ। भ्रष्टाचारविरुद्ध प्रश्न गर्ने अधिकार छ । तर प्रमाणविनाको झुटलाई सत्य बनाएर समाजमा आगो लगाउने अधिकार कसैलाई छैन । नेपालमा व्यवसाय गर्ने विश्वव्यापी डिजिटल प्लेटफर्मले पनि नेपालको कानुन, नागरिकको सुरक्षा र राष्ट्रिय सार्वभौमिकताको सम्मान गर्नुपर्छ।

तर, यहाँ त्यस बाहनामा असन्तोषको भाषा आक्रोशमा, आक्रोश भीडमा र भीडको एउटा हिस्सा आगजनी, तोडफोड र हिंसामा बदलियो।

संसद् भवन सामान्य भवन होइन। त्यहाँ जनताको मत कानुनमा बदलिन्छ । त्यहीँ सरकार बनाउने र हटाउने संवैधानिक प्रक्रिया चल्छ। त्यसैले संसद्माथिको आक्रमण कुनै सरकार वा दलमाथिको आक्रमण मात्र होइन; जनमतको संस्थागत

अभिव्यक्तिमाथिको आक्रमण हो। लोकतन्त्रमाथिको आक्रमण हो, राष्ट्रमाथिको आक्रमण हो।

नेताहरूका घरघरमा आक्रमण, परिवारमाथि त्रास, निजी तथा सार्वजनिक सम्पत्तिमा आगजनी र भौतिक प्रतिशोधले लोकतन्त्रलाई बलियो बनाउँदैन । यसले तर्कले होइन, डरले जित्ने संस्कार विकास गर्छ।

हामी मृतकप्रति श्रद्धाञ्जली, घाइतेप्रति संवेदना र पीडित परिवारप्रति न्यायको प्रतिबद्धता व्यक्त गर्छौं । राज्य पक्षबाट कमजोरी भएको छ भने निष्पक्ष छानबिन हुनुपर्छ । तर हिंसालाई वैध राजनीतिक माध्यमका रूपमा स्वीकार गर्न सकिँदैन ।

**सम्पूर्ण सत्य यही हो**– जनताको पीडा वास्तविक थियो, राज्यका कमजोरी वास्तविक थिए; सरकारले सबै समस्याको समाधान तत्काल र एकैचोटी गर्न सक्ने कुरा होइन । त्यस नाममा लिएको हिंसात्मक र असाधारण राजनीतिक मोड सहज र सामान्य थिएन ।

## ४.	लोकतन्त्रमाथि परेका दीर्घकालीन प्रभाव

भदौ २३ र २४ को घटनालाई सरकार परिवर्तनमा मात्र सीमित गरेर हेर्न मिल्दैन। यसले नेपालको लोकतान्त्रिक संस्कारमा दीर्घकालीन असर पार्ने छ।

**पहिलो**—यसले विधिभन्दा भीडको शक्ति प्रभावकारी हुन्छ भन्ने गलत सन्देश दिन सक्छ।

**दोस्रो**—संवैधानिक असहमतिलाई हिंसात्मक भाषामा रूपान्तरण गर्ने प्रवृत्ति बढ्न सक्छ।

**तेस्रो**—राजनीतिक दलको संस्थागत भूमिकालाई कमजोर पार्न सक्छ। दल कमजोर हुनु लोकतन्त्र बलियो हुनु होइन।

**चौथो**—राज्यका कर्मचारी र सुरक्षा निकायको मनोविज्ञानमा गम्भीर असर पर्न सक्छ। सङ्कटमा राज्यका निकाय निर्णयविहीन भए लोकतान्त्रिक राज्य कमजोर हुन्छ।

**पाँचौँ**—न्यायालयमाथि प्रत्यक्ष वा अप्रत्यक्ष जनदबाब बढ्ने जोखिम हुन्छ। न्याय भावना वा भीडबाट होइन, संविधान, प्रमाण र कानुनबाट चल्नुपर्छ।

**छैटौँ**— निर्वाचनको अर्थ कमजोर हुन सक्छ। निर्वाचनबाट बनेको सरकारलाई निर्वाचनबाहिरको हिंसात्मक दबाबले हटाउन सकिन्छ भन्ने नजिर स्थापित भयो भने मतको मूल्य घट्छ।

**सातौँ**—नागरिक स्वतन्त्रता उल्टै जोखिममा पर्न सक्छ । आजको भीड आफूलाई मन नपरेको नेताविरुद्ध छ भने भोलिको भीड पत्रकार, लेखक, कलाकार वा सामान्य नागरिकविरुद्ध हुन सक्छ।

**आठौँ**—आन्तरिक अस्थिरताले बाह्य चासोलाई कूटनीतिक र राजनीतिक प्रवेशको अवसर दिन्छ।

**नवौँ**—राष्ट्रिय सहमति र संवादको संस्कृति कमजोर हुन्छ। आदि।

त्यसैले हाम्रो दृष्टिकोण सन्तुलित हुनुपर्छ– युवाको वास्तविक असन्तोषलाई सम्मान गर्ने, राज्यको कमजोरी स्वीकार गर्ने र हिंसात्मक सत्ता परिवर्तनको बाटोलाई अस्वीकार गर्ने।

हामी यस विषयमा घृणा वा प्रतिशोधका कारण बोलिरहेका छैनौँ। संविधानप्रतिको निष्ठा, जनमतप्रतिको सम्मान र नेपालको लोकतान्त्रिक उपलब्धिको दीर्घकालीन रक्षाका लागि बोलिरहेका छौँ।

## ५. निर्वाचन परिणाम: मत वैध, वातावरणको समीक्षा आवश्यक

**कमरेडहरू**,

निर्वाचन लोकतन्त्रको आधार हो। जनताले दिएको मतको सम्मान गर्नु हाम्रो दायित्व हो। नेकपा (एमाले) ले निर्वाचन परिणामलाई स्वीकार गरेको छ। तर जनादेशको सम्मान गर्नु

भनेको निर्वाचनपूर्वको राजनीतिक वातावरणको समीक्षा नगर्नु होइन।

निर्वाचन मतदानको दिनबाट मात्र सुरु हुँदैन। मतदाताको मन कसरी बन्यो? सबै दलले समान रूपमा आफ्ना विचार जनतासम्म पुऱ्याउन पाए कि पाएनन्? उम्मेदवारले भयमुक्त भएर प्रचार गर्न पाए कि पाएनन्? सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सन्तुलित सूचना उपलब्ध थियो कि थिएन ? प्रशासनको भूमिका कस्तो रह्यो? मतदाता तथ्यका आधारमा निर्णय गर्ने वातावरणमा थिए कि भावनात्मक दबाब, भ्रम, घृणा र एकपक्षीय प्रचारको प्रभावमा थिए?

**यी सबै निर्वाचनको समीक्षाका विषय हुन् ।**

भदौका घटनापछि देश सामान्य राजनीतिक परिस्थितिबाट निर्वाचनमा गएको थिएन। समाज ठूलो भौतिक तथा मनोवैज्ञानिक आघातबाट गुज्रिएको थियो। पुराना राजनीतिक दलप्रति तीव्र असन्तोष र घृणा फैलाइएको थियो। डिजिटल

माध्यममा नीति र कार्यक्रमभन्दा आरोप, अपमान, घृणा र भावनात्मक कथा प्रभावशाली बनेका थिए।

त्यसैले हाम्रो निष्कर्ष दुई वाक्यमा स्पष्ट गर्न सकिन्छ– मत वैध छ, तर निर्वाचन वातावरणको गम्भीर अध्ययन आवश्यक छ। जनादेश स्वीकार्य छ, तर जनादेश निर्माणको प्रक्रिया पनि लोकतान्त्रिक अध्ययनको विषय हो।

यो भन्दै गर्दा हामी आफ्नो कमजोरी लुकाइरहेका छैनौँ। निर्वाचनमा हाम्रो हार भएको छ, त्यसबाट शिक्षा पनि हामीले नै लिनुपर्छ।

## ६. पार्टीको पराजय: बाह्य घेराबन्दी र प्रहारसँगै आन्तरिक कमजोरी

हाम्रो पराजयलाई कुनै एउटा कारणले व्याख्या गर्नु वैज्ञानिक हुँदैन।

राजनीतिक पार्टी जीवित शरीरजस्तै हो। नेतृत्व, संगठन, विचार, जनसम्पर्क, सञ्चार, उम्मेदवार, शासनशैली, सामाजिक मनोविज्ञान र बाह्य वातावरण सबैले परिणाम निर्माण गर्छन्।

हामीमाथि बाह्य प्रहार र घेराबन्दी थियो। राजनीतिक प्रतिस्पर्धी, विभिन्न स्वार्थ समूह, डिजिटल अभियान, एकपक्षीय सूचना प्रवाह र एमालेविरोधी भावनात्मक कथा सक्रिय थिए। पुराना दल समस्या हुन्, पुरानो नेतृत्व भ्रष्टाचारको पर्याय हो र एमाले त्यसको मुख्य प्रतिनिधि हो भन्ने उल्टो मनोविज्ञान निर्माण गर्ने प्रयास भयो। तर बाह्य कारण देखाएर मात्रै हामी आफ्नो जिम्मेवारीबाट मुक्त हुन सक्दैनौँ।

**हाम्रा आन्तरिक कमजोरी पनि थिए।**

संगठन विस्तार भयो, तर त्यसअनुसार शुद्धीकरण, सुदृढीकरण र सक्रियता भएन। कतिपय कमिटी औपचारिक संरचनामा सीमित भए। बैठक भए, तर जनताको समस्या समाधान गर्ने क्षमता कमजोर रह्यो।

जनतासँग हाम्रो प्रत्यक्ष संवाद घट्यो। कार्यकर्ता र नेतृत्वबीच सूचना प्रवाह पर्याप्त भएन। जनताको दैनिक जीवनसँग पार्टीको सम्बन्ध कमजोर भएको अनुभूति बन्यो।

युवाको मन बुझ्न हामी ढिलो भयौँ। आजको युवा रोजगारी, अवसर, उद्यम, प्रविधि, स्वतन्त्रता, सम्मान र छिटो परिणाम चाहन्छ । उसलाई केवल इतिहास सुनाएर पुग्दैन । इतिहाससँग भविष्यको योजना पनि दिनुपर्छ ।

हाम्रो सञ्चार प्रणाली डिजिटल युगअनुकूल पर्याप्त र छरितो हुन सकेन । झुट केही मिनेटमै फैलियो, हाम्रो तथ्यपूर्ण जवाफ ढिलो पुग्यो । सत्य ढिलो पुग्दा झुटले धारणा निर्माण गरिसकेको हुन्छ ।

हामीले अघि सारेका Vision (दूरदृष्टि) र सरकारमा रहँदा गरेका कामको प्रभावकारी राजनीतिक सञ्चार गर्न सकेनौँ। काम हुनु र जनताले काम भएको अनुभूति गर्नु फरक कुरा हो ।

कतिपय अवस्थामा उम्मेदवार छनोट, स्थानीय असन्तोष, अन्तरविरोध र अन्तर्घात एवम् संगठनात्मक थकान पनि परिणाममा जोडिए ।

त्यसैले पराजय बाह्य प्रहार र घेराबन्दीको मात्र परिणाम होइन, आन्तरिक कमजोरीको पनि परिणाम हो । तर यसलाई कुनै एक व्यक्तिको असफलतामा सीमित गर्नु पनि सत्य हुँदैन । यो समयको मनोविज्ञान, बाह्य वातावरण, डिजिटल आक्रमण र हाम्रो संगठनात्मक कमजोरीको संयुक्त परिणाम हो ।

अध्यक्षका रूपमा मेरो भागको जिम्मेवारी म स्वीकार गर्छु। तर यो भाग्ने समय होइन । जनताको पीडा सुन्ने, जनतासँग नयाँ सम्बन्ध बनाउने, संगठन जगाउने, सञ्चार प्रणाली बदल्ने र पार्टीभित्रको असन्तोषलाई सुधारको ऊर्जामा बदल्ने समय हो ।

## ७. वर्तमान सरकार र प्रतिशोधको राजनीति

भदौका घटनाको निष्पक्ष छानबिन हुनुपर्छ । मृतकका परिवारले न्याय पाउनुपर्छ । घाइतेले उपचार र सम्मान

पाउनुपर्छ। सुरक्षा निकायको भूमिका, प्रशासनिक निर्णय, राजनीतिक नेतृत्वको निर्देशन, बल प्रयोग र हिंसाको सम्पूर्ण शृङ्खलाको निष्पक्ष अध्ययन हुनुपर्छ । यो कुरा हामीले सुरुदेखि नै भन्दै आएका छौं ।

**म छानबिनबाट भाग्दिनँ ।**

**म कानुनभन्दा माथि छैन ।**

**तर छानबिन सत्य खोज्ने माध्यम हुनुपर्छ, प्रतिशोध साध्ने र राजनीतिक सफाया गर्ने हतियार होइन ।**

यस सन्दर्भमा हामीले केही गम्भीर प्रश्न उठाएका छौँ। आयोगका निष्कर्ष सार्वजनिक हुनुअघि नै राजनीतिक वातावरणमा आरोप र निष्कर्ष फैलिनु; पूर्वप्रधानमन्त्री, पूर्वगृहमन्त्री र सुरक्षा अधिकारीलाई लक्षित गर्ने प्रक्रिया; राहदानी रोक्का जस्ता कदमको औचित्य; सरकार गठनपछि कारबाहीको हतारो; गिरफ्तारीलाई राजनीतिक सन्देशका रूपमा प्रयोग गर्ने प्रवृत्ति; पहिलो दिनको बल प्रयोगको अध्ययनसँगै दोस्रो दिनको

हिंसा, आगजनी, संसद्माथिको आक्रमण र डिजिटल उक्साहटको समान गम्भीरतामा अध्ययन भयो कि भएन भन्ने प्रश्न; मानवअधिकारसम्बन्धी निकायका सिफारिसको प्रयोग; पुराना शासक र प्रशासकमाथिको व्यवहार; र विगतका राजनीतिक पूर्वाग्रह प्रेरित झुठा आरोपलाई नयाँ राजनीतिक वातावरणमा पुनः प्रयोग गर्ने प्रवृत्ति– यी सबैको निष्पक्ष न्यायका दृष्टिले समीक्षा हुनुपर्छ ।

**न्याय प्रतिशोधमा बदलियो भने अन्ततः राज्य कमजोर हुन्छ ।**

नेकपा (एमाले) मृतकका परिवारप्रति न्यायको पक्षमा छ। घाइतेको पीडाको उपचार विरुद्ध छैन । छानबिनविरुद्ध छैन। तर न्यायको नाममा राजनीतिक प्रतिशोधको संरचना निर्माण गरिनु हुँदैन।

प्रतिपक्षका रूपमा हाम्रो भूमिका सरकारको हरेक कामको विरोध गर्नु होइन; सरकारलाई संविधानको सीमाभित्र

राख्नु हो। संसद्को मर्यादा, न्यायपालिकाको स्वतन्त्रता, श्रमिकको अधिकार, विद्यार्थीको संगठन स्वतन्त्रता, गरिबको आवास, सीमावर्ती नागरिकको सम्मान, सामाजिक न्याय र राष्ट्रिय हितको पक्षमा आवाज उठाउनु हो।

## ८. अध्यक्षमाथिको आक्रमण: आलोचना स्वीकार, चरित्रहत्या अस्वीकार

**कमरेडहरू,**

ममाथि आलोचना हुनु अस्वाभाविक होइन । सार्वजनिक जीवनमा रहेको व्यक्ति प्रश्नबाट भाग्न मिल्दैन । अध्यक्षले अझ कठोर आलोचना सुन्नुपर्छ ।

म पार्टीभित्रका कमरेडहरूलाई भन्छु– अध्यक्षको आलोचना गर्नुहोस्। नीति गलत छ भने भन्नुहोस्। निर्णय प्रक्रियामा सुधार गर्नुपर्छ भने भन्नुहोस्। कार्यशैली, उम्मेदवार छनोट, संगठन र प्रचारबारे निर्भीक समीक्षा गर्नुहोस्।

आलोचना र चरित्रहत्या एउटै कुरा होइनन्। बिरोधी सञ्चालित चरित्रहत्यामा जानी वा नजानी स्वरमा स्वर मिलाएर पार्टीभित्र ल्याउनु हुँदैन।

नीति, निर्णयको र कृयाकलापको आलोचना लोकतान्त्रिक संस्कार हो। व्यक्तिको स्वास्थ्य, उमेर, शरीर, बोली वा जीवन सङ्घर्षलाई अपमानको सामग्री बनाउनु राजनीतिक संस्कार होइन।

राष्ट्रिय स्वाधीनताका पक्षमा लिएको अडानलाई अहङ्कार भन्नु, संविधानको रक्षा गर्ने आग्रहलाई पदलोलुपता भन्नु, स्पष्ट भाषालाई तानाशाही भन्नु र आत्मविश्वासलाई घमण्ड भन्नु आलोचना होइन।

हामीले अडान र अहङ्कार, दृढता र जिद्दीपन, स्वाभिमान र घमण्ड, लचकता र अवसरवाद तथा स्पष्ट निर्णय र तानाशाहीबीचको भेद छुट्याउन सक्नुपर्छ। पार्टीभित्र असहमति

सुधारको शक्ति बन्नुपर्छ। तर बाहिरबाट चलाइएको चरित्रहत्या पार्टीभित्रबाट दोहो¥याउनु आत्मसमीक्षा होइन।

**पार्टीभित्रको आलोचना पार्टी बलियो बनाउने उद्देश्यले हुनुपर्छ।**

## ९. के हो पुनर्गठन?

### जिम्मेवारीबाट भाग्ने होइन, संक्रमणको नेतृत्व गर्ने

निर्वाचनमा पराजयपछि परिस्थिति र परिणामको समीक्षा गर्नुपर्छ भन्ने आवाज उठ्नु स्वाभाविक हो। त्यसलाई म अस्वीकार गर्दिनँ।

नैतिक जिम्मेवारी स्वीकार गर्नु भनेको सङ्कटको बीचमा संगठनलाई नेतृत्वविहीन बनाउनु होइन। जिम्मेवारीको अर्थ समस्या पहिचान गरेर समाधानको नेतृत्व गर्नु पनि हो।

म पदको निजी प्रतिष्ठाका लागि उभिएको होइन। पार्टीको मनोबल, संगठनात्मक स्थिरता र सुरक्षित राजनीतिक संक्रमणका लागि उभिएको हुँ।

मेरो कार्यशैलीमा कमजोरी छ भने आलोचना हुन सक्छ । निर्णयमा त्रुटि हुन सक्छ । गल्ती देखेर पनि नदेखेजस्तो गर्ने नेतृत्व कमजोर हुन्छ। गल्ती स्वीकार गरेर सुधार गर्ने नेतृत्वले नै संगठनलाई अगाडि लैजान सक्छ।

**त्यसैले म आत्मसमर्पणको होइन, आत्मसमीक्षाको भाषा बोल्छु।**

**आत्मसमर्पणले भन्छ– अब सकियो ।**

**आत्मसमीक्षाले भन्छ–**

**कहाँ चुक्यौँ, किन चुक्यौँ र कसरी सुधार्ने ?**

युवालाई वास्तविक जिम्मेवारीमा ल्याउने सुरक्षित र वास्तविक बाटो बनाउन चाहन्छु। अनुभवलाई अपमान गरेर

होइन, अनुभव र नयाँ ऊर्जालाई जोडेर नेतृत्व विकास गर्नुपर्छ। काम गरेर, सिकेर, जिम्मेवारी लिएर नेतृत्व विकास हुन्छ।

यो जिद्दीको प्रश्न होइन। पार्टीको पुनर्निर्माण र संक्रमणलाई संस्थागत बनाउने जिम्मेवारीको प्रश्न हो। तर यतिबेला केही व्यक्तिहरुले अध्यक्ष विस्थापित गर्ने मनशाय र प्रयासका बेमौसमी बाजा बजाइरहेको पाइएको छ र त्यसका लागि पुनर्गठनको नारा उछालिएको छ।

के हो पुनर्गठन? कस्तो अवस्थामा हुन्छ ? के नेतृत्व विस्थापन गर्ने कुरालाई पुनर्गठन भनिन्छ? हाम्रो धारको आन्दोलनमा कति पल्ट र कहिले कहिले पुनर्गठन भएको छ भन्ने कुरा हामीले राम्ररी बुझ्न जरुरी छ। पार्टी पुनर्गठन कुनै रहर वा लहडको विषय होइन। यो त असहज र असामान्य अवस्थामा बाध्यतावस गरिने कार्य हो। हाम्रो धारको आन्दोलनमा पार्टीमा तीन पल्ट पुनर्गठन गर्नु परेको थियो। त्यस बेला पार्टीको महासचिव रहेका "केशरजंग रायमाझी अगाडिदेखि नै

दक्षिणपन्थी र षडयन्त्रकारी त छंदै थिए, पछिल्लो समय उनको दक्षिणपन्थता अझ खुलस्त रुपमा प्रकट हुँदै आयो। खासगरी २०१७ सालमा राजा महेन्द्रले फौजी “कू” गरेर लोकतन्त्र अपहरण गरेपछि उनले त्यस प्रतिगामी कदमलाई स्वागत गरे र पञ्चायतको समर्थन गर्ने ठाउँमा पुगे। पार्टी केन्द्रीय कमिटीको बहुमत उनले कब्जा गरेका थिए । यस्तो अवस्थामा उनी राजावादी भइसकेको परिस्थितिमा आन्दोलन र पार्टीलाई जोगाउन पार्टी पुनर्गठन गर्नु परेको थियो । २०१८ सालमा आयोजित “दरभंगा प्लेनम”बाट उनी र उनको गुटलाई सच्चिन, सामन्तवाद र सामन्ती शक्तिको दलाल नहुन दिइएका सुझावहरु पनि नमानेपछि पार्टीको अल्पमतले नै जोनल कमिटीहरु बनाएर तिनको संयोजन र आयोजनामा पार्टीको तेस्रो महाधिवेशन गरेर पार्टीलाई पुनर्गठन गर्नु परेको थियो । नेतृत्व र पार्टीको बहुमत दक्षिणपन्थी भएको, आन्दोलन बचाउने अरु कुनै वैकल्पिक उपाय नभएको बाध्यकारी अवस्थामा पार्टीको प्रथम पुनर्गठन भएको थियो । यो हामीभन्दा अघिल्लो पुस्ताले गरेको थियो । तेस्रो महाधिवेशनपछि खास कुनै

वैचारिक मतभेद रहेको अवस्था थिएन । तर, पार्टी नेतृत्वले पार्टीलाई संगठित राख्न नसकेको, कमिटीहरुले नेतृत्वसँग र आपसमा पनि सम्पर्क सम्बन्ध विहिन अवस्थामा पुगेको र सिंगै पार्टी अस्तव्यस्त हुँदै छिन्नभिन्न हालतमा निष्कृय र निकम्मा बन्न पुग्यो । पार्टी विलिनीकरण हुँदै सग्लो अस्तित्वमा नरहेपछि फेरि पार्टी र आन्दोलनमा अस्तित्वकै संकट प¥यो । एकातिर राजाको निरङ्कुशतन्त्र र पञ्चायती एकदलीय एकाधिकारवादी अधिनायकवादको चर्को दमन यस्तो बेलामा हामीले नै २०२७–०२८ सालमा झापाबाट जनवादी गणतन्त्रको स्पष्ट उद्देश्य राखेर, त्यसलाई प्राप्त गर्ने क्रान्तिकारी बाटो, त्यसका रणनीति र कार्यनीति समेतका स्पष्टताका साथ नयाँ पार्टी गठन विस्तार र एकतामार्फत् व्यापक र सुदृढ संगठन निर्माण गर्ने त्यसका लागि क्रान्तिकारी सक्रियताका साथ अघि बढ्ने नीतिका साथ पार्टीको पुनर्गठन गरिएको थियो । यो दोस्रो पुनर्गठन थियो र यस पुनर्गठनमा म समेतको पहल र अगुवाई थियो । त्यो प्रयास अनेकौं

दमन र प्रतिकुलताका बावजुत झापा आन्दोलन, अपील, को.के, नेकपा (माले) र एमाले हुँदै यहाँसम्म आइपुगेको छ।

हामीले आन्दोलनलाई वर्तमान अत्यन्तै प्रतिकुल विश्व परिस्थितिमा समयानुकूल सही नीतिहरु तर्जुमा गर्दै, संगठन विस्तार र पार्टी एकीकरण, सफल र उपलब्धिपूर्ण काममार्फत् वि.सं. २०७५ सालसम्म आइपुग्दा निर्वाचनको बाटोबाटै लगभग दुई तिहाईको अवस्थासम्म हाम्रो पार्टी र आन्दोलनलाई पुऱ्यायौं। केहीलाई के कारणले त्यो पाच्य भएन। तिनले पार्टीमा उपद्रो मच्याएर र अन्ततोगत्वा हामीले नै एकता एकीकरणका लागि दिएको संख्याको दुरुपयोग गर्दै हामीलाई पार्टीबाट निकाल्ने, पार्टी कब्जा गर्ने र आन्दोलन सिध्याउने षडयन्त्रमा लागे। त्यति बेला फेरि हामीले मेरै पहल र नेतृत्वमा पार्टी पुनर्गठन गर्न बाध्य हुनुपऱ्यो र हामीले त्यसै गऱ्यौं । यो तेस्रो पुनर्गठन थियो, हामीले नै गरेको ।

यी र यस्ता परिस्थितिमा चालिएका यस्ता बाध्यकारी र आन्दोलनका जीवनमा सकारात्मक प्रभाव पार्ने संगठनात्मक ठूला कदमहरुलाई पुनर्गठन भनिन्छ । यति बेला चले, चलाइएको पुनर्गठनको हल्लाले शब्दार्थ वा भावार्थ केही पनि बोक्दैन र औचित्य, आवश्यकता र समय सन्दर्भसँग पनि विल्कुलै मेल खाँदैन।

## १०. रूपान्तरण, हस्तान्तरण र पुस्तान्तरणको सही बुझाइ

आज तीनवटा शब्द धेरै सुनिएका छन– **रूपान्तरण**, **हस्तान्तरण** र **पुस्तान्तरण**।

यी तीनैवटा आवश्यक छन् । तर यिनलाई सही अर्थमा बुझ्नुपर्छ ।

**रूपान्तरण** भनेको इतिहास मेट्नु होइन। पार्टीको सङ्घर्ष, विचार, बलिदान र संगठनात्मक परम्परालाई अस्वीकार र

अपमान गर्नु होइन। रूपान्तरण भनेको कार्यशैली बदल्नु हो; जनतासँग बोल्ने भाषा बदल्नु हो; निर्णय प्रक्रिया छरितो बनाउनु हो; कमिटीलाई बैठक गर्ने औपचारिक संरचनाबाट जनताको समस्या समाधान गर्ने केन्द्रमा बदल्नु हो; नेतृत्वलाई आदेश दिने तहबाट सुन्ने, बुझ्ने र परिणाम दिने तहमा बदल्नु हो ।

पुरानो रूखमा नयाँ पालुवा ल्याउन जरा कार्टिंदैन। जरालाई पोषण दिएर नयाँ पालुवा हुर्काइन्छ। एमालेको इतिहास जरा हो, नयाँ पुस्ता पालुवा हो।

**हस्तान्तरण** पद खाली गर्ने आकस्मिक र मनमौजी घटना होइन। जिम्मेवारी, ज्ञान, अनुभव, संस्था, राजनीतिक संस्कृति र निर्णय क्षमताको योजनाबद्ध हस्तान्तरण हो। संस्थागत तयारीबिनाको हस्तान्तरणले रिक्तता पैदा गर्न सक्छ।

**पुस्तान्तरण** उमेरको अंकगणित मात्र होइन। नयाँ पुस्तालाई जिम्मेवारी, प्रशिक्षण, अनुभव, अवसर र निर्णयमा स्थान दिने प्रक्रिया हो। उमेर कम हुनु आफैँमा योग्यता होइन, उमेर बढी

हुनु आफैँमा अयोग्यता होइन। ऊर्जा र अनुभवको संयोजन आवश्यक हुन्छ।

त्यसैले रूपान्तरणलाई अस्थिरताको भाषा होइन, पुनर्जागरणको भाषा बनाउनुपर्छ। हस्तान्तरण डर होइन, संस्थागत परिपक्कता हो। पुस्तान्तरण विभाजन होइन, निरन्तरता हो।

अनुभव र ऊर्जा, विचार र प्रविधि तथा इतिहास र भविष्यलाई जोडेर एमाले अगाडि बढ्नुपर्छ।

## ११. कम्युनिष्ट आन्दोलनमा नेतृत्वको प्रश्न

यथास्थितिवादी पार्टीहरू र परिवर्तनकारी पार्टीहरूमा नेतृत्वको प्रश्न एउटै र उस्तै हुँदै होइन । यथास्थितिवादी पार्टीको नेतृत्व CEO वा Manager नियुक्त गरे जस्तै–जस्तै हो । किनकि उनीहरूले सचेतनतापूर्वक संघर्षको नेतृत्व गर्नु पर्दैन । तर एउटा क्रान्तिकारी पार्टीको नेतृत्वको प्रश्न सांगठनिक मात्र होइन, वैचारिक मुख्य हो। यसले वैचारिक रूपमा हरदम सतर्कताका

साथ अग्रगामी संघर्षको नेतृत्व गर्नु पर्दछ। अर्कोतिर प्रतिक्रियावादीहरू जनतामा झूठ छर्छन्, भ्रम फैलाउँछन् र संगठनको बलमा भन्दा मिथ्याको बलमा राजनीति गर्छन्, चुनाव जित्छन्। यसका लागि संगठन त्यति बढी महत्वको कुरा हुँदैन। तर कम्युनिष्ट पार्टीले सत्यमा जनतालाई शिक्षित र सचेत पारेर त्यसको बलमा संगठन गरेर संगठनको बलमा जनता साथ लिएर क्रान्तिको काम अघि बढाउनु पर्दछ।

अर्को कुरा, बनिबनाऊ राज्य संयन्त्र सदैव यथास्थितिको पक्षमा र परिवर्तनको विपक्षमा हुन्छ। यथास्थितिवादीहरूलाई राज्य संयन्त्र संचालनको सुविधा हुन्छ, तर परिवर्तनकारी शक्तिले राज्य संयन्त्रको असहयोगको बीचमा सावधानीपूर्वक सञ्चालन गर्नु पर्दछ। यसका निम्ति संघर्षको इतिहासबाट स्थापित व्यक्तित्व, क्षमताको प्रचुरता, विश्वसनीयता आदिको आवश्यकता पर्दछ । यो उपलब्धता र तुलनात्मकता भित्रको छनौटको प्रश्न हो। यसको पनि आवधिक विधि हुन्छ।

यी प्रश्नहरू नबुझी वा बुर्जुवा, दक्षिणपंथी वा हावादारी पपुलिष्ट 'निर्दलवादीहरु'को प्रतिस्पर्धामा नेतृत्वको प्रश्नलाई घोलमेल गर्ने हो भने क्रान्तिकारी पार्टी रहँदैन। **क्याडर पार्टी** होइन यथास्थितिवादी **मास पार्टी** मात्र रहनेछ। पार्टी निर्माण र नेतृत्वको प्रश्नमा हामीलाई त्यसै लान खोजिँदैछ।

## १२. पार्टीका तत्कालका प्रमुख दुई कार्यभार

अब केवल समीक्षा र विश्लेषण गरेर मात्र पुग्दैन। पुनर्निर्माण र पुनर्जागरणको ठोस कार्यक्रम चाहिन्छ।

**पहिलो**– संविधान र लोकतान्त्रिक प्रणालीको रक्षा। संसद्, न्यायपालिका, संवैधानिक निकाय, प्रेस, नागरिक स्वतन्त्रता, ट्रेड युनियन, विद्यार्थी संगठन र सङ्घीय संरचनासहित लोकतन्त्रका संस्थाको रक्षा एमालेको प्रमुख जिम्मेवारी हुनेछ। संवैधानिक प्रक्रियाको पुनस्र्थापना र विधिको शासनका पक्षमा आवश्यक राजनीतिक तथा कानुनी सङ्घर्ष जारी राख्नुपर्छ।

२०८२ भदौ २३ र २४ गते हाम्रो राष्ट्रिय स्वाधीनताविरुद्ध रचिएका अराजनीतिक तथा आपराधिक वितण्डादेखि असंवैधानिक र संविधानविपरीत प्रधानमन्त्री नियुक्ति, अवैध सिफारिसका आधारमा प्रतिनिधिसभाको विघटन र त्यसपछिका घटनाक्रमहरू एउटै उद्देश्यका निरन्तर शृङ्खला हुन् । ती प्रक्रियालाई वैधता प्रदान गर्न र सोही उद्देश्यलाई अगाडि बढाउन आमनिर्वाचनको रचना गरिएको थियो, जुन यथार्थमा प्रतिगमनकै सिलसिला हो।

प्रतिनिधिसभाको असंवैधानिक विघटनविरुद्ध र विघटित प्रतिनिधिसभाको पुनःस्थापनाको माग गर्दै हामीले सर्वोच्च अदालतमा दिएको मुद्दा अझै विचाराधीन छ। लोकतन्त्र, संविधान, विधिको शासन र जनतामा निहित सार्वभौमसत्ताजस्ता आधारभूत मान्यतासँग जोडिएको यस मुद्दामा भइरहेको न्यायिक विलम्ब आश्चर्यजनक र विष्मयकारी छन्। लोकतन्त्र र संविधानले हार्नु हुँदैन।

लोकतन्त्रको पुनःस्थापनाका लागि हामी निर्णायक आन्दोलनका निम्ति तयार रहनुपर्छ । त्यसका लागि पहिलो आवश्यकता पार्टीभित्र सुदृढ आन्तरिक एकता निर्माण गर्नु हो । न्याय सहज ढङ्गले प्राप्त हुन नसके जनबलका आधारमा न्याय स्थापना गर्न तयार रहनुपर्छ । साथै, यस राष्ट्रिय उद्देश्यमा सहमत हुन सक्ने सबै शक्ति, समूह र व्यक्तिसँग सहकार्य गर्दै आन्दोलनलाई अगाडि बढाउनुपर्छ । आज हाम्रो काँधमा रहेको पहिलो र सबैभन्दा महत्वपूर्ण कार्यभार यही हो र नेकपा (एमाले)ले यही स्पष्ट राजनीतिक दृष्टिकोणका साथ अगाडि बढ्नुपर्छ ।

**दोस्रो**– आगामी निर्वाचनको तयारी। स्थानीय तहको निर्वाचनसहित आगामी सबै निर्वाचनका लागि पार्टी अहिलेबाटै योजनाबद्ध तयारीमा लाग्नुपर्छ । विगतको पराजयको गम्भीर समीक्षा गर्दै प्रत्येक निर्वाचन क्षेत्र, पालिका र वडासम्म वास्तविक संगठनात्मक अवस्थाको मूल्याङ्कन गर्नुपर्छ । त्यसको आधारमा

जितको सुनिश्चितताका लागि सबै प्रकारको तयारी गर्नु यति बेलाको दोस्रो कार्यभार हो।

## १३. यी दुई कार्यभार पूरा गर्न पन्ध्र प्रमुख काम:

**पहिलो**– सत्य जनतासम्म पु¥याउने। सत्य आफैँ हिँडेर जनताको घर पुग्दैन। भदौका घटनाको सत्य, लोकतान्त्रिक प्रक्रियामाथिको चोट, निर्वाचन वातावरण, पार्टीमाथिका आरोपको तथ्य, हाम्रा आफ्नै कमजोरी र सुधारको सङ्कल्प जनतासम्म स्पष्ट रूपमा पुऱ्याउनुपर्छ। जिल्लामा '**सत्य संवाद**', पालिकामा **जनसुनुवाइ** र वडामा घरदैलो **संवाद** चलाउनुपर्छ।

**दोस्रो**–जनहितकेन्द्रित प्रतिपक्ष। महँगी, बेरोजगारी, किसानको मूल्य, मजदुरको श्रम, साना उद्यमीको समस्या, विद्यार्थीको भविष्य, स्वास्थ्य खर्च, महिला सुरक्षा, सुकुम्बासी, सीमावर्ती नागरिक र प्रवासी नेपालीका मुद्दालाई दैनिक राजनीतिक एजेन्डा बनाउनुपर्छ। सत्ता बाहिर हुँदा पनि जनतासँग रहने पार्टीले मात्रै फेरि सत्ताको नैतिक दाबी गर्न सक्छ।

**तेस्रो**– डिजिटल पुनर्निर्माण। आज राजनीति मोबाइलको पर्दामा पनि लडिन्छ । झुट एक घण्टामा फैलिन्छ भने सत्य एक हप्तापछि पुगेर हुँदैन। केन्द्रीय तथ्य–संवाद–प्रतिवाद संयन्त्र बनाउनुपर्छ । आरोपको तथ्यपत्र, छोटा भिडियो, प्रश्नोत्तर, स्थानीय भाषा र युवा प्रस्तुतकर्तामार्फत तथ्य जनतासम्म छिटो पु¥याउनुपर्छ । सत्य धिमा भयो भने झुटले शासन गर्छ, हाम्रो काम सत्यलाई गति दिनु हो ।

**चौथो**– परिणाममुखी संगठन। सदस्य सङ्ख्या मात्रै संगठनको शक्ति होइन। प्रत्येक कमिटी कति घरमा पुग्यो, कति जनसुनुवाइ गर्‍यो, कति स्थानीय समस्या समाधान गर्‍यो, कति युवा र महिला जोड्यो, किसान–मजदुर–विद्यार्थी–उद्यमीसँग कति संवाद गर्‍यो भन्ने आधारमा कामको मूल्याङ्कन हुनुपर्छ।

**पाँचौं**– युवा नेतृत्वको वास्तविक निर्माण । युवालाई मञ्च सजाउने वा नारा लगाउने भूमिकामा सीमित गर्नु हुँदैन । पालिका, जिल्ला, प्रदेश र केन्द्रसम्म वास्तविक जिम्मेवारी दिनुपर्छ । प्रविधि,

उद्यम, शिक्षा, रोजगारी, जलवायु, डिजिटल अर्थतन्त्र र नागरिक स्वतन्त्रताका विषयमा युवा नीति समूह बनाउनुपर्छ । पुस्तान्तरण क्षमता निर्माणबाट हुन्छ।

**छैटौँ**– महिला नेतृत्व र सामाजिक प्रतिनिधित्व। महिलालाई नीति, संगठन, निर्वाचन, वित्त, सञ्चार र आन्दोलनको नेतृत्वमा ल्याउनुपर्छ। दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, अपाङ्गता भएका नागरिक, पिछडिएको क्षेत्र, प्रवासी श्रमिक र सहरी गरिबको आवाज संगठनमा प्रभावकारी हुनुपर्छ। सामाजिक न्याय नारा मात्र होइन, संगठनात्मक संरचनामा देखिनुपर्छ।

**सातौं**– खुला संवाद र अनुशासनको सन्तुलन। पार्टीभित्र विषयगत रुपमा खुला बहस हुनुपर्छ। आलोचना सुन्ने संरचना र पारदर्शी निर्णय प्रक्रिया हुनुपर्छ। तर सार्वजनिक रूपमा अपुष्ट आरोप फैलाउने, विपक्षीको कथा बलियो बनाउने र पार्टीको

मनोबल कमजोर गर्ने कार्य अनुशासनको विषय बन्नुपर्छ। खुलापनबिना पार्टी जड हुन्छ; अनुशासनबिना विखण्डित हुन्छ।

**आठौं**– वैकल्पिक शासन–खाका। सरकारको विरोध गरेर मात्रै विश्वास फर्किँदैन। रोजगारी कसरी सिर्जना गर्ने, वैदेशिक रोजगारमाथिको निर्भरता कसरी घटाउने, शिक्षालाई रोजगारीसँग कसरी जोड्ने, कृषिलाई बजार र उद्योगसँग कसरी जोड्ने, स्वास्थ्य खर्च कसरी घटाउने, भ्रष्टाचार नियन्त्रणमा प्रविधि र खुला तथ्याङ्क कसरी प्रयोग गर्ने भन्ने ठोस वैकल्पिक कार्यक्रम तयार गर्नुपर्छ।

**नवौं**– जनसेवामूलक पार्टी। बाढी, पहिरो, महामारी, स्वास्थ्य शिविर, शिक्षा सहयोग, कानुनी सहायता, रोजगार परामर्श, कृषि सहजीकरण, साना उद्यम र प्रवासी परिवारको सहयोगमा पार्टी संरचना सक्रिय हुनुपर्छ। नागरिकले पार्टीलाई झण्डाबाट मात्र होइन, सङ्कटका बेला प्राप्त सहयोगबाट सम्झनुपर्छ।

**दशौं**– ज्ञानमा आधारित पार्टी। आधुनिक राजनीति नाराले मात्र चल्दैन। तथ्य, अनुसन्धान, डेटा, नीति विश्लेषण, अर्थशास्त्र, सामाजिक मनोविज्ञान र प्रविधिको ज्ञान चाहिन्छ। प्रदेशस्तरमा नीति–अनुसन्धान समूह र प्रमुख राष्ट्रिय मुद्दामा तथ्यपत्र तयार गर्नुपर्छ। बजेट, शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, उद्योग, विदेश नीति, सङ्घीयता, डिजिटल शासन र न्याय सुधारमा एमालेको आधिकारिक अध्ययन तथा विकल्प हुनुपर्छ।

**एघारौं**– नैतिक पुनर्निर्माण। जनताले पार्टीलाई कार्यक्रमले मात्र होइन, चरित्रले पनि हेर्छन्। भ्रष्टाचारको आरोप लागेमा पारदर्शी छानबिनको बाटो रोज्नुपर्छ । स्थानीय तहदेखि केन्द्रसम्म आचारसंहिता, सादगीपन, पारदर्शिता, जवाफदेहिता र जनताप्रतिको विनम्रता स्थापित गर्नुपर्छ। नैतिक शक्तिबिना राजनीतिक शक्ति दीर्घकालीन हुँदैन।

**बाह्रौं**– स्थानीय मुद्दाकेन्द्रित स्थानीय संगठन। जनताको जीवन स्थानीय हुन्छ। पानी, सडक, विद्यालय, स्वास्थ्य चौकी,

बजार, जग्गा, कर, सुरक्षा, रोजगारी, कृषि र विपद्का प्रश्नमा प्रत्येक वडा कमिटीले समस्याको सूची बनाएर समाधानको पहल गर्नुपर्छ। जनताको समस्या समाधान गर्ने पार्टीलाई जनताले फेरि खोज्छन्।

**तेह्रौँ**–प्रवासी नेपालीसँग नयाँ सम्बन्ध। प्रवासी नेपालीलाई रेमिट्यान्स पठाउने नागरिकका रूपमा मात्र हेर्नु हुँदैन। उनीहरू ज्ञान, सीप, अनुभव र विश्वव्यापी पहुँचका स्रोत हुन्। सुरक्षित रोजगार, श्रमिक अधिकार, स्वदेश फर्केपछि उद्यम, परिवारको सामाजिक सुरक्षा र देशसँग निरन्तर सम्बन्धका विषयमा विशेष नीति आवश्यक छ।

**चौधौं**– राष्ट्रिय स्वाधीनता र सन्तुलित कूटनीति। छिमेकीसँग सन्तुलित सम्बन्ध, विश्वशक्तिसँग सम्मानपूर्ण सहकार्य, राष्ट्रिय हितमा आधारित निर्णय, आर्थिक कूटनीति, सीमा संवेदनशीलता, जलस्रोत र व्यापारमा स्पष्ट अडान तथा सामाजिक विभाजनविरुद्ध राष्ट्रिय एकता एमालेको स्पष्ट नीति हुनुपर्छ। सानो

राष्ट्रको शक्ति स्थिर विवेक, आन्तरिक एकता र स्पष्ट राष्ट्रिय हितमा हुन्छ।

**पन्ध्रौं**– परिवर्तनकारी पार्टी निर्माणको प्रश्न। नेकपा (एमाले) सामाजिक परिवर्तनको अभिभारा बोकेको पार्टी हो । यो **जनपार्टी** होइन, **जनआधारित कार्यकर्ता** पार्टी हो। वैचारिक स्पष्टताका साथ व्यावहारिक आन्दोलन गर्ने यसको सुदृढ संगठन चाहिन्छ । यस पार्टीमा जो पनि सदस्य हुन सक्दैनन्। पार्टी सदस्यता नागरिकताको प्रमाणपत्र जस्तो होइन, यो वैचारिक स्पष्टता, गन्तव्यको खुलस्तता र जिम्मेवारी बहनको स्पष्ट प्रतिबद्धता हो । यसलाई खुकुलो गरी वितरण गर्न मिल्दैन, निश्चित मापदण्ड पूरा गरेकालाई प्रदान गर्नु पर्दछ । यसमा मूल्याङ्कन गरी काम र क्षमताका आधारमा जिम्मेवारी प्रदान गर्नु पर्दछ। यस सन्दर्भमा पार्टीपंक्तिमा कुनै अष्पस्टता हुनु हुँदैन ।

यससँगै वैचारिक पुनर्पाठ पनि अनिवार्य छ । जनताको बहुदलीय जनवादलाई केवल ऐतिहासिक दस्तावेजमा सीमित गर्नु हुँदैन । डिजिटल अर्थतन्त्र, कृत्रिम बुद्धिमत्ता, स्वचालन, जलवायु सङ्कट, युवा पलायन, सहरी असमानता, गिग इकोनोमी, शिक्षा बजार, स्वास्थ्य खर्च, लैङ्गिक न्याय र सांस्कृतिक परिवर्तनजस्ता नयाँ प्रश्नसँग हाम्रो विचारलाई संवाद गराउनुपर्छ। जिवित विचारले समयसँग संवाद गर्छ । यति बेलाका हाम्रा मूल अभिभारा पूरा गर्न यी हाम्रा मूल कार्यहरु हुन्, जसलाई हामीले गम्भीरता र दक्षताका साथ पूरा गर्नै पर्दछ।

## १४. अबको संगठनात्मक कार्यदिशा

पार्टीका सामु रहेका यी कार्यभार र कामलाई तालमेलयुक्त ढंगले कार्यान्वयन गर्नुपर्छ:

- **पहिलो** सत्य संवाद, संगठन सक्रियता र कार्यकर्ताको मनोबल पुनर्निर्माण गर्नुपर्छ ।

- **दोस्रो** जनहितका अभियान, डिजिटल पुनर्निर्माण र स्थानीय समस्या समाधानमा पार्टीलाई केन्द्रित गर्नुपर्छ।
- **तेस्रो** वैकल्पिक शासन–खाका, नीति अनुसन्धान र वैचारिक प्रशिक्षणलाई संस्थागत गर्नुपर्छ । र, आगामी निर्वाचनसम्म निरन्तर जनसम्पर्क, संगठन अनुशासन, जनसेवा र नीति अभियान सञ्चालन गर्नुपर्छ ।

हामीले **वैज्ञानिक सुधार–चक्र** अपनाउनुपर्छ: काम गर्ने–परिणाम नाप्ने— कमजोरी पहिचान गर्ने— सुधार गर्ने र— फेरि काम गर्ने।

**पुनर्जागरण बाहिरबाट आउँदैन।**
**पार्टीभित्र सत्य स्वीकार गर्ने साहसबाट सुरु हुन्छ।**

## निष्कर्ष: पराजयबाट पुनर्जागरण र पुनःउत्थानतर्फको दृढ संकल्प

**कमरेडहरू,**

नेकपा (एमाले) ले निर्वाचनमा पराजय भोगेको छ। यसलाई सानो बनाएर हेर्नुहुँदैन। भदौका घटना र निर्वाचन परिणामले हामीलाई कठोर सन्देश दिएका छन् । त्यो सन्देश सुन्नुपर्छ, बुझ्नुपर्छ र त्यसबाट सिक्नुपर्छ ।

तर एमाले हारेको छ, **हराएको छैन ।**

**एमाले कमजोर भएको छ**, तर यसको जरा सुकेको छैन।

**मत घटेको छ,** तर यसको ऐतिहासिक आवश्यकता समाप्त भएको छैन।

**एक निर्वाचनले पार्टी समाप्त गर्दैन ।**

निर्वाचनको पराजयले पार्टीलाई जागृत गराउन सक्छ ।

**हामी स्वीकार गर्छौं**–जनताको मनमा असन्तोष जगाइएको थियो । संगठनमा सुस्तता थियो। हाम्रो सञ्चार ढिलो थियो । जनतासँगको संवाद पर्याप्त थिएन। आरोपको प्रतिवादमा

कमजोरी थियो । युवाको बदलिएको मनोविज्ञानसँग हाम्रो संवाद पर्याप्त हुन सकेन।

**यी सत्य स्वीकार नगरी एमाले उठ्न सक्दैन।**
**एमाले उठ्न एकताबद्ध र स्पष्ट दुबै हुनुपर्छ।**

**हाम्रो पराजय बहुआयामिक छ**– भदौको असाधारण घटनाक्रम, भावनात्मक राजनीतिक लहर, डिजिटल चरित्रहत्या, असमान निर्वाचन वातावरण, बाह्य प्रहार, आन्तरिक कमजोरी, संगठनात्मक थकान, युवासँगको दूरी, सञ्चारको कमजोरी र समयमै चुनौती पहिचान गर्न नसक्नु सबै यसमा जोडिएका छन् । पार्टी कमिटीहरुले जनभावना र जनआवाज बुझेर तथ्यपूर्ण रिपोर्टिङ्ग र रणनीति बनाएर कार्यान्वयन गर्ने सामथ्र्य राख्न सक्नुपर्छ ।

त्यसैले उपचार पनि बहुआयामिक हुनुपर्छ ।

**हामीले गल्ती स्वीकार गर्नुपर्छ, आत्मसमर्पण गर्नुहुँदैन ।**
**शैली बदल्नुपर्छ, सिद्धान्त छोड्नु हुँदैन ।**

युवालाई अगाडि ल्याउनुपर्छ, सँगसँगै क्षमता र कार्यशैलीको औचित्यलाई अवमूल्यन गर्न मिल्दैन । नेतृत्व हस्तान्तरणको संस्थागत तयारी गर्नुपर्छ, पार्टीलाई अनिश्चिततामा धकेल्नु हुँदैन । जनताको असन्तोष बुझ्नुपर्छ, लोकतन्त्रको संस्थागत बाटोलाई कमजोर पार्ने प्रयोग स्वीकार गर्नु हुँदैन ।

**आज हाम्रा अगाडि तीनवटा विकल्प छन्ः**

**पहिलो**— पराजयबाट निराश भएर आफूलाई छोडिदिने।

**दोस्रो**— पराजयलाई बहाना बनाएर एकअर्कामाथि प्रहार गर्दै पार्टीलाई अझ कमजोर बनाउने।

**यी दुबै गलत बाटो हुन् ।**

**तेस्रो** बाटो हो– कठोर आत्मसमीक्षा, तथ्यगत प्रतिवाद, संगठनात्मक पुनर्निर्माण, जनहितकेन्द्रित प्रतिपक्ष, लोकतन्त्र र संविधानको रक्षा तथा राष्ट्रिय स्वाधीनताको दृढ पक्षपोषण ।

**नेकपा (एमाले)ले यही तेस्रो बाटो रोज्नुपर्छ ।**

हाम्रो जरा गहिरो छ । इतिहास बलियो छ । कार्यकर्ताको विशालपंक्ति जीवित छ । विचारको आवश्यकता सधैं छ । तर इतिहासको गौरव मात्र पर्याप्त छैन। जरालाई पानी चाहिन्छ। इतिहासलाई नयाँ भाषा चाहिन्छ। कार्यकर्तालाई स्पष्ट दिशा चाहिन्छ। विचारलाई आजको नागरिकको जीवनसँग जोड्नुपर्छ।

त्यसैले अब हाम्रो मूल मन्त्र हुनुपर्छ–

**सत्य जनतासम्म ।**

**संवाद जनतासँग ।**

**पार्टी जनताको घरसम्म ।**

**संगठन परिणाम** र कामको मापनसम्म।

प्रतिपक्ष जनताको **दैनिक हितसम्म।**

**संविधान प्रत्येक** नागरिकको अधिकारसम्म।

**पुनर्जागरण** प्रत्येक कार्यकर्ताको **आत्मविश्वाससम्म**।

हामी भाग्ने बाटो रोज्दैनौँ ।

हामी आत्मसमर्पण रोज्दैनौँ ।

हामी प्रतिशोध रोज्दैनौँ ।

हामी विखण्डन रोज्दैनौँ ।

हामी सत्य, समीक्षा, सुधार, संगठन, सेवा, संविधान, राष्ट्रिय स्वाधीनता र पुनर्जागरणको बाटो रोज्छौँ ।

एमाले फेरि उठ्छ । कामबाट ।

अतीतको गौरवबाट मात्र होइन–

भविष्यको स्पष्ट योजनाबाट ।

नेतृत्वबाट मात्र होइन–सम्पूर्ण पार्टीपंक्तिको जागरणबाट।

प्रतिवादबाट मात्र होइन– जनविश्वासको पुनर्निर्माणबाट ।

हाम्रो तत्कालको लक्ष्य आगामी निर्वाचन जित्नु हुनसक्छ। तर, हाम्रो गन्तव्य लोकतन्त्रलाई बलियो बनाउँदै, संविधानको रक्षा गर्ने, जनताको जीवनमा आशा जगाउँदै राष्ट्रिय स्वाधीनतालाई

अक्षुण्ण राख्नु र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई साकार पार्नु हो।

पराजयलाई शिक्षामा बदलौँ ।
शिक्षालाई रूपान्तरणमा बदलौँ ।
रूपान्तरणलाई पुनर्जागरणमा बदलौँ ।
र पुनर्जागरणलाई राष्ट्रिय विजयको आधार बनाऔँ ।
**यही हाम्रो सङ्कल्प हो ।**
**यही हाम्रो बाटो हो ।**

यही पराजयबाट पुनर्जागरण र
हाम्रो गन्तव्यसम्मको यात्रा हो!

**धन्यवाद** !